सर्वोच्च अदालत
काठमाण्डौ

प्रेस विज्ञप्ती

सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमणदल भारत प्रस्थान

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुलीज्यू नेतृत्वको भ्रमणदल भारतको राजधानी नयाँ दिल्लीमा आयोजित अन्तराष्ट्रिय वातावरण सम्मेलन - २०१७ (International Conference on Environment - 2017) मा सहभागी हुन आज भारतको राजधानी नयाँ दिल्ली प्रस्थान गरेको छ ।

२०७४ कात्तिक १७ गतेदेखि १८ गतेसम्म (तदनुसार ०३ नोभेम्बर देखि ०४ नोभेम्बर, २०१७) सम्म आयोजना हुने उक्त सम्मेलनमा भारतको National Green Tribunal का अध्यक्ष न्यायाधीश श्री स्वतन्तर कुमार (Swatanter Kumar) को निमन्त्रणामा नेपाली न्यायपालिकाको नेतृत्व गर्दै सम्मेलनमा सहभागी हुन सम्माननीय प्रधान न्यायाधीश श्री पराजुली प्रस्थान गर्नुभएको हो । सम्मेलनमा विशेषतः विश्वभरिका विभिन्न देशहरुका प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, वरिष्ठ कानूनविद् तथा वातावरणविद् एवम् न्याय सेवाका उच्च पदस्थ अधिकारीहरुबीच वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी समसामयिक विषयमा छलफल हुने कार्यक्रम रहेको छ। कानून तथा न्यायसम्बन्धी विभिन्न साझा विषयहरुमा सहकार्य र समन्वय अभिवृद्धि गर्ने सम्बन्धमा सहभागी राष्ट्रका प्रतिनीधीहरुबीच छलफल र विचार विमर्श हुने उक्त सम्मेलन अवधिमा २०७४ कार्तिक १८ गतेका दिन Municipal Solid Waste Management सम्बन्धी प्राविधिक शत्रमा सम्माननीय प्रधान न्यायाधीशज्यूले अध्यक्षता गर्ने कार्यक्रम रहेको छ।

सम्मेलनमा सहभागी हुन सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमणदलमा सम्माननीय प्रधान न्यायाधीशको धर्मपत्नी श्री बसन्ता पराजुली, सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी र उप रजिस्ट्रार श्री सरोज राज रेग्मी संलग्न हुनुहुन्छ । उक्त सम्मेलनमा सहभागी भई सम्माननीय प्रधान न्यायाधीशको भ्रमणदल २०७४ कात्तिक १९ गते स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ ।

२०७४ कात्तिक १६ गते, बिहीबार
काठमाण्डौ ।

(नारायणप्रसाद पन्थी)
प्रवक्ता/सहरजिस्ट्रार